# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

## बाह्रौं दीक्षान्त समारोहको कार्यक्रम सम्बन्धी

# सूचना

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको बाह्रौं दीक्षान्त समारोह २०७२ फागुन १ गते शनिबार (तदनुसार 13 February, 2016) का दिन प्रतिष्ठानको हाताभित्र आयोजना गरिने भएकोले MD/MS कार्यक्रममा शैक्षिक सत्र सन् २०१२ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू र शैक्षिक सत्र सन् २०११ ब्याचका गतवर्ष भएको दीक्षान्त समारोह पश्चात् उत्तीर्ण बाक्ष्ी विद्यार्थीहरू, MDS कार्यक्रममा शैक्षिक सत्र सन् २०१२ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू र शैक्षिक सत्र सन् २०११ ब्याचका गतवर्ष भएको दीक्षान्त समारोह पश्चात् उत्तीर्ण बाक्ष्ी विद्यार्थीहरू, M.Sc. कार्यक्रममा शैक्षिक सत्र सन् २०१२ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू, MPH तर्फ शैक्षिक सत्र सन् २०१३ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरूलाई, MBBS तर्फ शैक्षिक सत्र सन् २००९ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू र शैक्षिक सत्र सन् २००६ र २००८ ब्याचका गतवर्ष भएको दीक्षान्त समारोह पश्चात् उत्तीर्ण बाक्ष्ी विद्यार्थीहरू र BDS तर्फ शैक्षिक सत्र २००९ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू, र शैक्षिक सत्र सन् २००८ ब्याचका गतवर्ष भएको दीक्षान्त समारोह पश्चात् उत्तीर्ण बाक्ष्ी विद्यार्थीहरू, B.Sc. Nursing तर्फ शैक्षिक सत्र २०११ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू, B.Sc. MLT तर्फ शैक्षिक सत्र २०१२ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू, B.Sc. MIT तर्फ शैक्षिक सत्र २०१२ मा भर्ना भई उत्तीर्ण भएका विद्यार्थीहरू, BN तर्फ शैक्षिक सत्र सन् २०१३ र शैक्षिक सत्र सन् २०१२ ब्याचका गतवर्ष भएको दीक्षान्त समारोह पश्चात् उत्तीर्ण बाक्ष्ी विद्यार्थीहरूलाई उक्त दिन ११:०० बजे भित्र समारोह स्थल सभा भवनमा प्रवेश गरी दिनु हुन अनुरोध गरिन्छ । यस समारोह संग सम्वन्धित अन्य विस्तृत विवरण निम्नानुसार हुनेछ ।

**१. दरखास्त फारम**

दीक्षान्त समारोहमा भाग लिन इच्छुक विद्यार्थी स्वयंले अनिवार्यरूपमा मिति २०७२ माघ २४ गते दिनको दिनको ५:०० बजे भित्र धरौटी, दिक्षान्त शुल्क र प्रमाण पत्र शुल्क बापत लाग्ने रकम Standard Chartered Bank Nepal Ltd. मा रहेको खाता नं. ०१०२५६०२१३८ मा जम्मा गरेको भौचरको Scan Copy सहित online आवेदन भर्नु पर्नेछ । उल्लिखित मिति उप्रान्त प्राप्त आवेदनमा कुनै कारवाही हुने छैन । Online आवेदन फारम मिति २०७२।०९।०७ गतेदेखि प्रतिष्ठानको website: www.bpkihs.edu मा उपलब्ध हुनेछ ।

**शुल्कहरू:**

**(क) दीक्षान्त शुल्क:**

१.स्नातकोत्तर (MD/MS, MDS, MPH र M.Sc) का लागि रू. २,०००/-(दुई हजारमात्र)

२.स्नातक (MBBS, BDS, B.Sc. Nursing, B.Sc. MLT, BN) का लागि रू. १,५००/-(एक हजार पाच सय मात्र)

**(ख) प्रमाणपत्र शुल्क:**

| | | |
|---|---|---|
| स्नातकोत्तर तह | : | रू. ८००।- (आठसय मात्र) |
| स्नातक तह | : | रू. ६००।- (छ सय मात्र) |
| **(ग) गाउन/स्कार्फ/टोपी धरौटी** | : | रू. ६,०००।- (छ हजार मात्र) |

**२. गाउन/स्कार्फ/टोपी वितरण:**

(क) मिति २०७२ माघ २७ गतेदेखि २९ गतेसम्म कार्यालय समयभित्र शैक्षिक प्रशासन महाशाखाबाट वितरण हुने ।

(ख) गाउन/स्कार्फ/टोपी बुझिलिन दीक्षान्त समारोहमा भाग लिन तिरेको शुल्क र धरौटीको रसिद अनिवार्य पेश गर्नु पर्नेछ ।

**३. पोशाक:**

समारोहमा भाग लिन आउने विद्यार्थीहरूले लगाउनु पर्ने पोशाक निम्नानुसार हुनेछ:

(क) छात्रहरूले राष्ट्रिय पोशाक अथवा कोट-पाइण्ट ।

(ख) छात्राहरूले ब्लाउज र साडी ।

(ग) समारोहको दिन २०७२ फागुन १ गते गाउन/स्कार्फ समारोहस्थलबाट कुनै पनि अवस्थामा वितरण नगरिने भएकोले उपरोक्त अनुसार तोकिएको मितिभित्र गाउन/स्कार्फ अनिवार्यरूपमा लिई सक्नु हुन जानकारी गराइन्छ ।

**४. गाउन/स्कार्फ/टोपी धरौटी रकम फिर्ता:**

(क) गाउन/स्कार्फ फिर्ता बुझाएपछि मात्र धरौटी रकम रू. ६,०००।- नगदै आर्थिक प्रशासन महाशाखाबाट फिर्ता गरिनेछ । गाउन/स्कार्फ/टोपी हराएमा वा सोमध्ये कुनै एक हराएमा वा फिर्ता नबुझाएमा वा लिएको अवस्थामा नफर्काएमा निजको धरौटी रकमबाट गाउन वापत रू.३,५००।–, स्कार्फ वापत रू. १,०००।– तथा टोपी वापत रू १,५००।– कँा गरी मात्र फिर्ता गरिने छ ।

(ख) समारोह सम्पन्न भएको भोलिपल्टदेखि २ दिनसम्म विलम्ब शुल्क नलिई गाउन/स्कार्फ फिर्ता लिइनेछ । २०७२ फागुन ४ गतेदेखि दैनिक रू. २५०।- का दरले विलम्ब शुल्क कटाई धरौटी रकम फिर्ता गरिने छ ।

(ग) दीक्षान्त समारोहमा भाग लिनका लागि आवेदन दिएका तर भाग लिन नसकेका विद्यार्थीहरूले पनि धरौटी रसिद बुझाई धरौटी रकम फिर्ता लिन सक्ने छन् ।

(घ) स्थान: शैक्षिक प्रशासन महाशाखा ।

**५. अन्य:**

दीक्षान्त समारोहमा भाग लिन आवेदन दिई भाग लिन नसकेका विद्यार्थीहरूले पछि प्रतिष्ठानको शैक्षिक प्रशासन महाशाखाबाट प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

६. सम्वन्धित सबै विद्यार्थीका अभिभावकज्यूहरूमा यसै सूचना□रा समारोहमा उपस्थित भई दिनहुन समेत हार्दिक अनुरोध गरिन्छ ।

**नोट: सो सम्वन्धमा अन्य केही जानकारी चाहनु हुनेले प्रतिष्ठानको शैक्षिक प्रशासन महाशाखाको निम्न टेलिफोनमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

***सम्पर्क फोन नं. ०२५-५२५५५५ ext. २२७८, ५२७७, ५२७८, ५२७९, ४०१७***